प्रमाणित मिति २०७८।१२।२२

**प्रस्तावहरु:-**

१. मायादेवी गाउँपालिका क्षेत्र भएर बग्ने तिनाउ र दानव नदिको बिभिन्न घाटहरुबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र निकासीको लागि प्रारम्भिक वातावरणीय परीक्षणको IEE स्वीकृति तथा ठेक्का बन्दोबस्तको सूचना प्रकाशन सम्बन्धमा।

२. गौतम बुद्ध बिमानस्थलको लागि उपलब्ध गराईएको नदिजन्य पदार्थको नापजाँच सम्बन्धमा।

३. जग्गा प्राप्ती सम्बन्धमा।

४. विविध सम्बन्धमा।

**निर्णयहरु:-**

**निर्णय नं.१.** प्रस्ताव नं.१ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका क्षेत्र भएर बग्ने तिनाउ र दानव नदिको विभिन्न घाटहरुबाट ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन् निकासीको लागि प्रारम्भिक वातावरणीय परीक्षण IEE स्वीकृत गर्ने र सो घाटहरुको ठेक्का प्रकृया अगाडि बढाउनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

| क्र.सं. | नदी/खोलाको उत्खनन् क्षेत्र | वडा नम्बर | लम्बाई | चौडाई | कुल क्षेत्रफल | औ.ग.(मि) | कुल परिमाण घन.मि | दै.उ.गर्न मिल्ने परिमाण (घन मि) | दै.सि (८० %) घ.मि. | वार्षिक सिफारिस परिमाण (घन मि.) | वार्षिक सिफारिस परिमाण (घन फुट.) | वार्षिक राजस्व संकलन/@रु. १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दानव खोला | | | | | | |
| १ | महदेवा उत्तर | २ | ३८५ | ६६ | २२,७७० | १ | २५,०४७ | ९१ | ७३ | २०,०३८ | ७०७,६०८ | ८,४९१,२९४ |
| २ | महदेवा दक्षिण | २ | २२५ | ५० | ११,२५० | १ | १४,६२५ | ५३ | ४३ | ११,७०० | ४१३,१७४ | ४,९५८,०८६ |
| ३ | पथरहिया | २ | ३४० | ४५ | १५,३०० | १ | १९,८९० | ७२ | ५८ | १५,९१२ | ५६१,९१६ | ६,७४२,९९६ |
| ४ | हरहरवा | ३ | ३१० | ३६ | ११,१६० | १ | ११,१६० | ४१ | ३२ | ८,९२८ | ३१५,२८३ | ३,७८३,४०१ |
| ५ | निबिहवा उत्तर | २ | २८० | ५३ | १४,८४० | १ | १४,८४० | ५४ | ४३ | ११,८७२ | ४१९,२४८ | ५,०३०,९७४ |
| ६ | निबिहवा दक्षिण | ३ | १८० | ३० | ५,४०० | १ | ५,४०० | २० | १६ | ४,३२० | १५२,५५६ | १,८३०,६७८ |
| ७ | मेडरहवा घाट | ३ | ९५ | ४८ | ४,५६० | १ | ४,५६० | १७ | १३ | ३,६४८ | १२८,८२५ | १,५४५,९०६ |
| ८ | रमवापुर घाट | ४ | २२५ | ८० | १८,००० | १ | १९,८०० | ७२ | ५८ | १५,८४० | ५५९,३७४ | ६,७१२,४८५ |
| ९ | लुक्टाहवा घाट | ५ | २७० | ५७ | १५,३९० | १ | १८,४६८ | ६७ | ५४ | १४,७७४ | ५२१,७४३ | ६,२६०,९१८ |
| जम्मा | | | | | | | १३३,७९० | ४८७ | ३८९ | १०७,०३२ | ३,७७९,७२८ | ४५,३५६,७३७ |
| | | | | | | तिनाउ खोला | | | | | | |
| १ | महुवारी घाट | ७ | २०० | ३० | ६,००० | १ | ६,००० | २२ | १७ | ४,८०० | १६९,५०७ | २,०३४,०८६ |
| २ | बैरिया घाट | ७ | ३१० | ३० | ९,३०० | १ | ९,३०० | ३४ | २७ | ७,४४० | २६२,७३६ | ३,१५२,८३४ |
| ३ | गुरवनिया घाट | ५ | २३० | ४० | ९,२०० | १ | ११,०४० | ४० | ३२ | ८,८३२ | ३११,८९३ | ३,७४२,७१९ |
| ४ | खजुरिया क घाट | ६ | १५० | २० | ३,००० | १ | ३,९०० | १४ | ११ | ३,१२० | ११०,१८० | १,३२२,१५६ |
| ५ | खजुरिया ख. घाट | ६ | १८० | ४५ | ८,१०० | १ | ९,७२० | ३५ | २८ | ७,७७६ | २७४,६०२ | ३,२९५,२२० |
| ६ | गोनहिया घाट | ५ | २४५ | ५२ | १२,७४० | १ | १५,२८८ | ५६ | ४४ | १२,२३० | ४३१,९०४ | ५,१८२,८५२ |
| जम्मा | | | | | | | ५५,२४८ | २०१ | १६१ | ४४,१९८ | १,५६०,८२२ | १८,७२९,८६८ |
| समग्रमा जम्मा | | | | | | | | ६८७ | ५५० | १५१,२३० | ५,३४०,५५० | ६४,०८६,६०४ |

**निर्णय नं.२.** प्रस्ताव नं.२ को सन्दर्भमा छलफल गर्दा राष्ट्रिय गौरवका आयोजनालाई नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय भए बमोजिम यस भन्दा अगाडि गौतम बुद्ध विमान स्थलमा कालिका रायमाझी जे.भी. Outer Periphery Road Construction work at Gautam Budhha International Airport, Siddharthanagar, Rupandehi Contact No: CAAN/NPP/GBAUP-IU/05/Road/2075-076 को लागि उपलब्ध गराईएको नदी जन्य पदार्थ नापजाँचको लागि श्री कालीका रायमाझी जे.भी.बाट निवेदन प्राप्त भएको तथा गौतम बुद्ध विमानस्थल सुदृढिकरण कार्य आयोजना कार्यान्वयन इकाई, भैरहवा, रुपन्देहीको चलानी नं.२६२ मिति:२०७९/१२/१९ गतेको पत्रबाट ५००० घ.मि. नदीजन्य पदार्थ आवश्यक रहेको भनि जानकारी प्राप्त भएकोले मायादेवी गाउँपालिका,७ नं. वडा कार्यालयमा घाटगद्दी गरी राखिएको नदिजन्य पदार्थको प्राविधिक नाप जाँच गरि प्रतिवेदन पेश गर्ने भनि निर्णय गरियो।

**निर्णय नं.३.** प्रस्ताव नं.३ को सन्दर्भमा छलफल गर्दा तपसिल बमोजिमका निर्णयहरुमा छलफल गरियो।

**तपसिल:-**

क. यस मायादेवी गाउँपालिका रुपन्देहीको दक्षिणी क्षेत्रको लागि प्रसुती सम्बन्धी कार्यको लागि वडा नं. ५ मा सुविधा सम्पन्न प्रसुति गृह निर्माण गर्नका लागि नेपाल सरकार र मायादेवी गाउपालिकाको सँयुक्त लगानीमा निर्माण हुनेगरी योजना समेत छनौट भएको हुदा नेपाल सरकारको नाममा दर्ता कायम रहेको जि.रु साविक गोनाहा वडा नं. ९क कित्ता नं. ५० क्षेत्रफल ज.वि.१-८-१७ जगामा सरकारी प्रयोजनका लागि प्रसुति गृह निर्माण र बाँकी जग्गा पार्क तथा खुला क्षेत्र रहनेगरी मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बेरवा रुपन्देहीको नाममा उपयोग गर्ने गरी प्रमाण प्राप्त गर्न आवश्यक प्रकृया अगाडी बढाउने भनी सर्बसम्मत निर्णय गरियो।

ख. यस मायादेवी गाउँपालिका रुपन्देहीको वडा नं. २ को आफ्नै कार्यालय भवन नरहेको र नीजि घर जग्गा भाडामा लिई कार्यालयको रुपमा प्रयोग गर्दै आइरहेकोमा सरकारी सम्पत्तिको सदुपयोग तथा खर्च नियन्त्रणको लागि प्रशासनिक सेवालाई सहज प्रवाहका निम्ती वडा नं.२ को कार्यालय भवन निर्माण गर्नुपर्ने भएकोले सो कार्यका लागि मायादेवी गाउँपालिका रुपन्देहीको वडा नं.२ स्थित श्री भिलरहवा मा.वि.ले निजको नाममा दर्ता कायम रहेको जि.रु. कम्हरिया गा.वि.स वडा नं. ४ कित्ता नं. १४ क्षेत्रफल ज.वि. ०-७-१४ को सरकारी जग्गा यस गाउँपालिकालाई उपलब्ध गराउने भनि निर्णय समेत गरेको हुदाँ उक्त जगामा वडा नं.२ को वडा कार्यालय भवन निर्माण गर्ने गरी विद्यालयको नाममा रहेको सो जग्गा मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बेरवा, रुपन्देहीको नाममा उपयोग गर्ने गरी प्रमाण प्राप्त गर्न आवश्यक प्रकृया अगाडी बढाउने भनी सर्बसम्मत निर्णय गरियो।

ग. यस मायादेवी गाउँपालिका रुपन्देहीको वडा नं. ४ को आफ्नै कार्यालय भवन नरहेको र व्यक्तीको घर जग्गा भाडामा लिई कार्यालयको रुपमा प्रयोग गर्दै आइरहेकोमा सहज रुपमा प्रशासनिक सेवा प्रवाहका लागि वडा नं.४ को कार्यालय भवन निर्माण गर्नुपर्ने भएकोले जि.रु. सेमरी गा.वि.स. वडा नं. ९ग कित्ता नं. १५३ क्षेत्रफल ज.वि. ०-१७-९ जगामा वडा नं.४ को वडा कार्यालय भवन निर्माण गर्ने गरी सो सरकारी जग्गा मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बेरवा रुपन्देहीको नाममा उपयोग गर्ने गरी प्रमाण प्राप्त गर्न आवश्यक प्रकृया अगाडी बढाउने भनी सर्बसम्मत निर्णय गरियो।

CamScanner

**घ.** यस मायादेवी गाउँपालिका रुपन्देहीको वडा नं. ७ को आफ्नै कार्यालय भवन नरहेको र व्यक्तीको घर जग्गा भाडामा लिई कार्यालयको रुपमा प्रयोग गर्दै आइरहेकोमा सहज रुपमा प्रशासनिक सेवा प्रवाहका लागि वडा नं.७ को कार्यालय भवन निर्माण गर्नुपर्ने भएकोले नेपाल सरकारको नाममा दर्ता कायम रहेको जि.रु. हाटी बनगाई गा.वि.स. वडा नं. १क कित्ता नं. १८९ क्षेत्रफल ज.वि. ०-१३-० को सरकारी जग्गामा वडा नं.७ को वडा कार्यालय भवन निर्माण गर्ने गरी सो सरकारी जग्गा मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बरेवा रुपन्देहीको नाममा उपयोग गर्ने गरी प्रमाण प्राप्त गर्न आवश्यक प्रकृया अगाडी बढाउने भनी सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं.४.** प्रस्ताव नं.४ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका अन्तर्गत रहेका गाउँ बल्क जग्गा मध्ये वडा नं.५ र वडा नं. ३ अन्तर्गतका जग्गालाई नापजाँच गरी लाल पूर्जा वितरण गर्नको लागि नापी कार्यालय, भैरहवासंग समन्वय गरी नापी कार्यालयका कर्मचारीहरुलाई खटिए बापतको सुविधा उपलब्ध गराई लाल पूर्जा वितरणको कार्य अगाडि बढाउने निर्णय गरियो साथै भूमिहिन तथा अव्यवस्थित बसोबासीलाई लाल पूर्जा वितरण गर्ने कार्य हाल वडा नं.७ बाट सुरु गरी राष्ट्रिय भूमि आयोगसंग समन्वय गरी क्रमशः सबै वडामा परिचालन गर्ने निर्णय गरियो ।

मायादेवी गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
बरेवा, रुपन्देही
लुम्बिनी प्रदेश
२०७३

CamScanner